# नेपाली श्रम वजार र वैदेशिक रोगजारीको विषय

- विष्णु रिमाल, उपाध्यक्ष-जिफन्ट

### श्रम क्षेत्रको माग र गर्नु पर्ने कामका विषय

"जुन नेपालीहरुको रगत-पसिनाबाट आर्जित अर्बौं रुपैयाँ रेमिटेन्सबाट मन्दीको तहमा पुगेको हाम्रो अर्थतन्त्रले जीवनदान पायो, तिनै नागरिकप्रति नेपालको चासो सबैभन्दा बढी हुनुपर्छ भन्ने हाम्रो दावी छ। भारत बाहेक कै विदेशी भूमिमा कार्यरत १४ लाख भन्दा बढी आर्थिक रुपमा सक्रिय नेपाली प्रति उदासिन वा वेखवर रहेर देश र जनताको हक हित हुंदै हुंदैन भन्नेमा हाम्रो दृढ विश्वास छ।"

२०६४ पुस १ गते माननीय परराष्ट्र मन्त्रीलाई बुझाएको ज्ञापन पत्रमा नेपाल ट्रेड यूनियन महासंघले गरेको यो दावीले विदेशी भूमीमा कार्यरत नेपालीहरुको हितको लागि धेरै गर्न बांकी छ भन्ने संकेत गर्दछ। उक्त ज्ञापन पत्रमा उठाइका निम्न ९ बुँदाले गर्नु पर्ने कामको फेहरिस्त यसरी प्रस्तुत गरेको देखिन्छ-

१ सुरक्षित आप्रवासन र मर्यादित कामको लागि विदेश स्थित दुतावास तथा कुटनीतिक नियोगमा लेवोर डेस्कको अनिवार्य व्यवस्था,

२ ५ हजारभन्दा बढी श्रमिक कार्यरत देशमा श्रम-सहचारीको व्यवस्था[i] गर्ने प्रतिबद्धता बमोजिम नेपालीहरुको सघन उपस्थिति रहेको पूर्वी तथा दक्षिण-पूर्वी एशियाका देशहरु र खाडी राष्ट्र लगायत अस्ट्रेलिया-युरोप-अमेरिका जस्ता विकसित मुलुकहरुमा अविलम्ब श्रम-सहचारीको व्यवस्था,

३. वैदेशिक रोजगार ऐनको संशोधन पछि प्रस्ताव गरिएको "कल्याणकारी कोष"को शीघ्र स्थापना,

४. खराव श्रम आपूर्तिकर्ताले जालसाजी गरेर नेपालीहरुलाई "वैदेशिक रोजगारमा जानुअघि एउटा करार र विदेशी भूमिमा ओर्लिए पछि अर्कै सर्तनामा" मा काम गर्न बाध्य पार्ने स्थितिमा नियन्त्रण र प्रत्येक श्रमिकको ज्यालाबाट (मलेसियामा मासिक १०० रिंगेट लेवीको रुपमा काटिन्छ) काटिने "लेवी" प्रथा जहाँ जहाँ भए पनि खारेजी,

५. विदेशी जेल र यातना गृहमा थुनिने गरेका र अलपत्र परेका थुप्रै नेपालीहरुको विपत्तिमा चासो राख्दै दुतावास र नियोगहरुबाट उद्धारको लागि शीघ्र पहल गर्ने व्यवस्था,

६. रोजगारीमा जानेलाई अकल्पनीय हन्डरबाट जोगाउन दुई सरकार बीच श्रम संझौता[ii] गरी योजनाबद्ध श्रम निर्यातको नीति अपनाउने, श्रम-संझौता गरीएका देशहरुसँग अन्तरराष्ट्रिय श्रम संगठनको "कामको आधारभूत सिद्धान्त" मा उल्लेख भए बमोजिमको हक प्रदान गर्ने,

७. वैदेशिक रोजगारीमा जाने नेपालीले हातमा राहदानी लिएदेखि काम गर्ने विदेशी भूमिसम्म श्रृंखलाबद्ध ठगीको शिकार हुनुपर्ने अहिलेको अवस्था अन्त्य गर्न प्रशिक्षण र सचेतनताको कार्यक्रम अभियानकै रुपमा सञ्चालन गर्ने। यसको लागि नेपाल सरकारद्वारा राष्ट्रिय तथा व्यावसायिक टिभी च्यानल तथा रेडियोको राष्ट्रिय प्रसारण तथा एफ एम स्टेशनहरु मार्फत नियमित कार्यक्रम सञ्चालन गर्ने,

८. विदेशी भूमिमा विपत्तिमा पर्ने, मर्ने, अंगभंग भई फर्कने नेपालीहरुको तथ्यांक विवरण वैज्ञानिक विधिद्वारा अभिलेखनको व्यवस्था गर्ने, र

९. परराष्ट्र मन्त्रालयको विभिन्न मिशनमा ट्रेड यूनियन प्रतिनिधिहरुलाई पनि संलग्न गर्ने।

### मागको औचित्य

सन् २००७ लाई मात्र फर्केर हेर्दा पनि वैदेशिक रोजगारीको सन्दर्भमा निकै तितो टर्रो तथ्यहरु सामुन्नेमा आउंछन्। तिनिहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ-

१. सालाखाला दैनिक ६०० नेपालीहरु वैदेशिक रोजगारीमा जान्छन्, यदी सयमा ३ जना नेपालीले मात्र वेथितिको कारण हण्डर खाए भने दैनिक १८ जना, प्रति महिना ५४० र वर्षमा ६ हजार ४८० जना नेपाली नागरिक वैदेशिक रोजगारीको क्रममा पीडित हुनसक्छन् (उदाहरणका लागि सञ्चार माध्यममा आएका यी समाचारलाई उदृत गर्न सकिन्छ)।

२. सन् २००७ मा ७५४ नेपालीले विदेशि भूमी ज्यान गुमाएका छन् । यसको औसत निकाल्ने हो भने हरेक दिन २ जना भन्दा बढी नेपालीहरु विदेशी भूमीमा मरिरहेका छन्, यो आकंडा अघिल्लो वर्षको तुलनामा ३७ प्रतिशत बढी छ ।

३. वैदेशिक रोगजारीका लागि कत्तार, मलेशिया, सउदी अरेविया र संयुक्त अरब इमिरेट्स चारवटा प्रमुख गन्तव्य हुन् । यी देशहरुमा भारतलाई छोडेर वेदेशिक रोजगारीमा जाने झण्डै ९७ प्रतिशत नेपालीले रोजगारी पाएका छन् । र, मृत्युको आंकडा पनि यिनै देशमा सबै भन्दा ज्यादा छ ।

- सउदी अरवमा २००६ को तुलनामा झण्डै दुई गुना नेपालीले ज्यान गुमाए । यी मध्ये २७ प्रतिशत सडक दुर्घटनामा मारिए, कार्यथलोको दुर्घटनाबाट ११ प्रतिशत र आत्महत्याबाट १३ प्रतिशत मारिए । मर्ने १२ महिलामा ८ जना आफैले आत्महत्या गरे।
- गत सालसम्म काममा जान मरिहत्ते गरिने देश- मलेशियामा पनि २००७ मा मर्नेहरुको संख्या २८ प्रतिशतले बढ्यो । जहाँ अस्वस्थ्यकर कार्यथलोका कारण लाग्ने व्यवसाय जन्य रोग, औद्योगिक दुर्घटना र सडक दुर्घटनाका कारण नेपालीहरुले ज्यान गुमाएका छन् ।
- कत्तारमा नेपालीहरु हृदयघात, सडक दुर्घटना, औद्योगिक दुर्घटना, डुवेर र आत्महत्याबाट मरेका छन् ।

४. सारमा, नेपालीहरुको मृत्युको कारण अस्वस्थ्यकर कार्यथलो र खतरानक काम, ओभरटाइम, खाने समयको अनियमितता, मदिरापान र स्थानीय सवारी नियमको अज्ञानता प्रमुख रहेका छन् ।

**वैदेशिक रोजगारीका कारण, प्रवृत्ति र असर**

९० प्रतिशत अनौपचारिक अर्थतन्त्र आधारित नेपाली श्रम बजारमा श्रमको माग र आपूर्ति वीच डरलाग्दो असन्तुलन छ । हामीकहाँ एकातिर दक्ष जनशक्तिको चर्को आभाव छ भने अर्कातिर यही अभाव वीच अदक्ष-श्रम व्यापक मात्रामा जगेडा छ । माथि उल्लेखित सबै झ्याउला र झमेला ब्योहोर्दै वैदेशक रोजगारीमा जान नेपालीहरुलाई अस्वभाविक आर्कषण पैदा गर्ने एउटा पक्ष यही “अभावको वीचको जगेडा” ले सृजना गरेका वेरोजगारी र अर्धबेरोजगारी (आधा जनसंख्या) को स्थिति पनि हो । 

यसका अतिरिक्त वर्तमान अवस्थाको न्युन ज्याला/ ज्यालामा चर्को अन्तर, वेरोजगारीका कारण रोजगारीको लागि श्रमिक श्रमिक वीच चर्को प्रतिष्पर्धा, रोजगारीको असुरक्षा, हालको संक्रमणकालिन समाजव्यवस्था संगै सृजित आम निराशा, अमिल्दो कानून र अपर्याप्त श्रम प्रशासनका कारणले पनि वेदेशिक रोजगारीमा जान नेपालीलाई प्रेरित गरिरहेको देखिन्छ ।

सरसर्ती हेर्दा वैदेशिक रोजगारीमा जानेहरु आ-आफ्नो आर्थिक हैसियत अनुरुपको गन्तव्य ताकेर बसेको पनि देखिन्छ ।

१ भारत- मुलतः सबै भन्दा गरिब नेपालीको गन्तव्य बनेको छ । विद्यार्थी, भारतीय गोरखा र राजनीतिक कारणले भारत आधारित रहने बाहेक अधिकांश विपन्नहरु जीवन धान्न भारत पसेका छन् ।

२ मलेसिया र खाडीका मुलुकहरुः सामन्यतया हाँडाभाँडा धरौटी राखेर ५० हजारदेखि १ लाखसम्म ऋण काढ्ने औकात भएका मूलतः अदक्ष श्रमिकहरु यो गन्तव्यमा लागेका छन् ।

३ दक्षिण कोरिया/सिंगापुर/हङकङ/इजरायल- एसएलसी वा प्लस टु र त्यो भन्दा माथिको शिक्षा हासिल गरेका, मध्यम वर्गीय परिवारका सदस्यहरुले यी देशहरुलाई आफ्नो गन्तव्य बनाएका छन्। इजरायलमा ठूलो संख्यामा महिलाहरु पुगेका छन् ।

४ जापान/अष्ट्रेलिया/युरोप/उत्तर अमेरिका- आम नेपालीका अतिरिक्त उच्च मध्यम वर्ग र संभ्रान्त वर्गका व्यक्तिहरु समेत छन् ।

धन कमाउने धुन, कामको अभाव र कतिपय सन्दर्भमा दिग्दारीले, नेपालीहरुको मानोविज्ञान “जहाँसुकै-जस्तो सुकै खतरा” मोल्न तयार हुने देखिन्छ । २०६४ साल मंसीर २९ गते नेपाल टेलिभिजनबाट प्रसारित कार्यक्रम श्रम र सिर्जनामा देखाईएको कथा एउटा यस्तो छ-

"वि.सं. २०६१ सालमा इराकी आंतकारीहरुदारा १२ नेपाली श्रमिकको हत्या भयो । ति मध्ये टिका भैरवका रमेश खड्का पनि एक हुन । १९ बर्षका ति श्रमिक मारिएको तिन दिन पछि उनका काका भरत खड्का २ लाख ५० हजार तिरेर फेरी इराकमै गएका छन् । उनले पठाएको पैसाले उनको परिवारले यो घर बनाएको छ । जुन गाउमै आर्कषक घर मध्येको एक हो । यो घटनाले नेपालीहरु अहिले पनि काम र दामको लागि जस्तोसुकै जोखीम मोल्न तयार छन् भन्ने देखाउछ ।"

यस्ता गन्तव्यहरुमा सबै भन्दा डरलाग्दा घटनाहरु इराक र अफगानिस्तानमा घटेको समाचार नियमित जस्तै सुन्न पाइन्छ । वैदेशिक रोजगारीले रेमिट्यान्स मात्र कमाउएको छैन, गहिरो सामाजिक असर पनि पारेको छ ।

"गोर्खा जिल्ला खोप्लाङ्ग गाविसको काजी गाउाको केही बर्ष अगाडिसम्म चमक अर्कै थियो। तर आन्तरीक द्धन्द, बेरोजगारी समस्या जस्ता कारणले युवाहरु विदेशिए भने बुढापाकाहरु शहरपसे । गाउँमा अहिले चहलपहल छैन, लाग्छ एक प्रकारको खण्डहर भएको छ यो गाउँ। यो एउटा उदाहरण मात्रै हो यस्ता धेरै काजी गाउाहरु अहिले सुनसान छन् । एक दशकसम्म चलेको सशस्त्र द्धन्दले बेरोजगारी संख्या चुलिएको कारण यो अवस्था आएको हो ।

- मनोज पाण्डे, टेलिभिजन कार्यक्रम श्रम सिर्जना, २०६४ मंसीर २९ गते नेपाल टेलिभिजनबाट प्रसारित

प्रवासनका कारण हाम्रो गाऊघर पाका, असक्त र बालबालिका मात्र रहने उजाड गाँउको रुपमा फेरिएको पनि छ । अर्कातिर परिवारमा महिला तथा पुरुष सदस्य वीचको परम्परागत भूमिका पनि फेरिदिएको छ ।

"विभिन्न तह र तप्काका मानिसहरु विदेशिदाको प्रभाव नेपालीमा समाजमा नजानिदो किसिमले देखिन थालेको छ । भिमसेन गोलाका कृष्ण गुरागाई, डेढ बर्ष अघिसम्म उनले यहि एउटा पसलको हेरचाह गरे पुथ्यो । घरका सारा काम उनको श्रीमतीले गर्थिन । तर अहिले स्थिती बदलिएको छ । घरको काम, छोराछोरी रेखदेखदेखी पसल सम्मको सबै काम उनले भ्याउनु परेको छ । कारण श्रीमति सगना गुराईगाई विगत डेढ बर्ष देखि ईजरायलमा कार्यरत छिन् । श्रीमतिले इजरायलमा मासिक १ लाख कमाउछिन् । सगना, उता कमाईरहेकी छिन भने कृष्ण यता घर सम्हाली रहेका छन् ।

यो घटनाले नेपाली समाज विस्तारै रुपान्तरण भईरहेको देखाउछ । श्रीमती, छोराछोरी पाल्ने जिम्मा लोग्नेको र घर धन्दा र घर व्यवहार धान्ने जिम्ममा श्रीमतिको हो भन्ने परम्परागत मान्यतामा परिवर्तन आएको देख्न सकिने उदाहरण हो यो । अर्थात नेपाली समाजमा चुपचाप मौन क्रान्ति भइरहेको भन्दा अन्यथा हुदैन ।

तर केही समाजशास्त्रीहरु को चिन्ता भने बेग्लै छ । बिदेशको रोजगारीका कारण नेपाली समाज पारिवारीक विखण्डन तिर गईरहेको छ । उनीहरुका बिश्लेषणमा बैदेशिक रोजगारीका कारण नेपाली समाज कमजोर भईरहेको छ ।"

- मनोज पाण्डे, टेलिभिजन कार्यक्रम श्रम सिर्जना, २०६४ मंसीर २९ गते नेपाल टेलिभिजनबाट प्रसारित

### के गर्नुपर्ला त?

अन्तराष्ट्रिय श्रम संगठन र नेपाल ट्रेड यूनियन महासंघले गत सालको अगस्त २१-२२ मा वैदेशिक रोजगारीलाई "मर्यादित र सुरक्षित तुल्याउन" गर्नुपर्ने विषय पहिचान गर्न एउटा कायर्यशाल आयोजना गरेको थियो । उक्त कायर्यशालामा ट्रेड यूनियन, उद्यमी, सरकारी तथा गैरसरकारी क्षेत्रका व्यक्तित्वहरुको संलग्नता थियो । कार्यशालाले पहिचान गरेको निम्न विषयहरु आज पनि सान्दर्भिक हुनसक्छन्-

- श्रम आयात र आपूर्ती गर्ने देशहरु वीच द्विपक्षीय र बहुपक्षीय श्रम संझौता गरिनुपर्छ । श्रम निर्यात गर्ने मुलुकले प्रवासी श्रमिकको अनुगमन निरन्तर गर्नु पर्छ ।
- हालको उपभोगवादी व्यवहारको सट्टा उत्पादक स्थानमा रेमिट्यान्सको पुनरलगानीको लागि वातावरण र सचेतना प्रवर्द्धन गर्नुपर्छ ।
- राज्यले प्रवासी श्रमिकहरुबाट राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्नुपर्छ ।
- ट्रेड यूनियन, नागरिक समाजका संगठनहरु, रोजगादाताका संगठन र सरकारले प्रवासी श्रमिकहरुको रोजगारीको सुरक्षा र हितको लागि मिलेर काम गर्नु पर्छ ।
- नेपाली श्रमिकहरु कार्यरत मूलकहरुमा कन्सुलेट/कुटनितिक नियोग/श्रम सहचारीको स्थापना जरुरी छ।
- व्यापक मात्रामा वैदेशिक रोजगारी बारेको सूचना र सचेतना दिने कार्यक्रमहरु सञ्चालन गर्नु पर्छ । प्रवासी श्रमिकलाई शिक्षा अति जरुरी छ ।
- नेपाल सरकारको विभिन्न मन्त्रालयहरु (जस्तै श्रम र परराष्ट्र) र विभाग वीच उपयुक्त समन्वय हुन जरुरी छ ।
- गैरकानूनी आप्रवासनलाई नियन्त्रण गर्न अन्तराष्ट्रिय संझौता कै ढाँचामा श्रम आयात तथा आपूर्ती गर्ने देश वीच नेटवर्किङ हुनुपर्छ । यो काममा श्रम आपूर्ती गर्ने एजेन्सीहरुको भूमिका महत्वपूर्ण हुन्छ भन्ने हेक्का राख्नु पर्छ ।
- ट्रेड यूनियनको आधार व्यापक श्रमजीवी जनता वीच हुने हुँदा प्रवासी श्रमिकको हितको लागि उनीहरु सबैभन्दा सक्रिय हुनुपर्छ र श्रम आयात तथा आपूर्ती गर्ने दुबै देशका ट्रेड यूनियनहरु वीच सहयोगात्मक सम्बन्ध विस्तार गर्नुपर्छ ।
- आप्रवासन व्यवस्थापनको लागि ट्रेड यूनियनहरुले सरकार, उद्यमी र नागरिक समाजका संगठनहरुसंग हातेमालो गर्नु पर्छ । श्रम आयात तथा आपूर्ती गर्ने दुबै देशका सामाजिक सहयात्रीहरु वीच नेटवर्किङ पनि त्यत्तिकै जरुरी छ ।
- वैदेशिक रोजगारीको फाटमा कार्यरत कतिपय एजेन्सीहरुको व्यवहार उपयुक्त छैन, त्यसलाई सुधार गर्नै पर्छ । सबै सहकर्मी वीचको सहकार्यबाट गैरकानूनी रुपमा ठगीमा लाग्नेहरुलाई ठीक ठाउमा ल्याउन सकिन्छ । ४
- अन्तरराष्ट्रिय श्रम संगठनले श्रम आयात र आपूर्ती गर्ने देशहरु वीच नेटवर्कको प्रवर्द्धन गर्नुपर्छ । राज्यले आप्रवासन सम्बन्धि युएन कन्भेनसन १९९० र आइएलओ अभिसन्धी ९७ तथा १४३ अनुमोदन गर्नुपर्छ ।

---

i निम्न देशहरुमा हाल श्रम सहचारीको व्यवस्था भएको समाचार बाहिर आएको छः कत्तार, सउदी अरेबीया, युएई, मलेसिया र दक्षिण कोरिया ।

ii संयुक्त अरव इमिरेट्स, दक्षिण कोरिया र कत्तारसंग हाल श्रम संझौता भइ सकेको र मलेसिया र इजरायल संझौताको क्रममा रहेको समाचार प्रकाशनमा आएको छ ।